# करैयामाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## करैया, बारा

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २ मितिः २०८१/१०/०४

भाग - १

# करैयामाई गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

करैयामाई गाउँपालिका

# करैयामाई गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

गाउँसभाबाट स्वीकृत मितिः २०८१/०९/२६ गते

## प्रस्तावनाः

करैयामाई गाउँपालिकाको मानविय तथा भौतिक संरचनाहरुको क्षतीलाई न्यूनिकरण, रोकथाम तथा पुनःस्थापनाका लागि नेपालको संविधानको अनुसूची–८ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ उपदफा २ बमोजिम विपद् व्यवस्थापन कोष संञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ तयार गरि लागु गरिएको छ।

## उद्देश्यः

(क)विपदमा परेका पीडितलाई उद्धार र पुनःस्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु।

(ख)विपदका लागि अत्याधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु।

(ग)विपदको जोखिमलाई न्यूनिकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु।

(घ)विपदबाट पीडित पक्षलाई आधारभूत आवश्यक्ताका लागि तत्कालै राहत उपलब्ध गराउनु।

(ङ)विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अघि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु।

(च)विपदको जोखिम न्यूनिकरणको लागि उपयुक्त पूर्व सूचना,प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु।

(छ)विपदका लागि लागु हुने प्रयास रोकथाम मूलक र उपचार मूलक बनाउनु।

(ज)विपद सम्बन्धी सूचना दिने प्रविधिको विकास तथा व्यवस्थापना गर्नु।

# परिच्छेद — १
# प्रारम्भिक

## १.संक्षिप्त नाम र प्रारम्भः

(१)**संक्षिप्त नामः** यस कार्यविधिको नाम "करैयामाई गाउँपालिकाको विपद् व्यवस्थापन कोष संञ्चालन तथा व्यवस्थापना कार्यविधि,२०८१" रहनेछ।

(२)यो कार्यविधि करैयामाई गाउँपालिका भरी लागु हुनेछ।

(३)यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)"कोष"** भन्नाले दफा ५ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

**(ख)"गैर प्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेली, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचरुङ्गीमा हुने फ्लु,सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल, औद्योगिक दुर्घटना, विषाक्त ग्याँस, रसायन वा विकिरण चुवाहट, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्लाई सम्झनु पर्छ।

(ग)**"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, भूकम्प वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(घ)**"विपद्"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीपनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ।

(ङ)**"विपद् जोखिम न्यूनिकरण"** भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनिकरण तथा विकासका कार्यका विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(च)**"विपद् पुर्नलाभ"** भन्नाले विपद्को घटनापछि गरिने पुननिर्माण एवम् पुनर्स्थापना सँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(छ)**"विपद् प्रतिकार्य"** भन्नाले विपद्को घटना घट्नसाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत सम्झनु पर्छ।

(ज)**"विपद् व्यवस्थापन"** भन्नाले विपद् जोखिम न्यूनिकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ।

(झ)**"सुरक्षा निकाय"** भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग सम्झनु पर्छ।

(ञ)**"गाउँपालिका विपद् व्यवस्थापन समिति"** भन्नाले दफा ३ बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

(ट)**"कार्यविधि"** भन्नाले करैयामाई गाउँपालिकाको विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०८१ लाई सम्झनुपर्छ।

(ठ)**"कोष सञ्चालन समिति"** भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

(ड)**"कार्यालय"** भन्नाले करैयामाई गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ढ)**"गाउँपालिका"** भन्नाले करैयामाई गाउँपालिकालाई सम्झनुपर्छ।

# परिच्छेद — २

## विपद् व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### ३.गाउँपालिका विपद् व्यवस्थापन समितिः

(१)करैयामाई गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – उपसंयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) विषयगत समितिका संयोजकहरु – सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख – सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

(ज) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि – सदस्य

(झ) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि – सदस्य

(ञ) गाउँपालिका प्रहरी प्रमुख – सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि – सदस्य

(ठ)नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि(१ जना) – सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि(१ जना) – सदस्य

(ढ) गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि(१ जना) – सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि(१ जना) – सदस्य

(त)गाउँपालिका विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख – सदस्य सचिव

(२)गाउँपालिका विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ विपद व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने।

(ख)गाउँ सभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनिकरण, विपद प्रतिकार्य तथा विपद पुनर्लाभ सम्बन्धी एकिकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्विकृत गरी लागु गर्ने/गराउने।

(ग)गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने/गराउने।

(घ)विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने/गराउने।

(ङ)गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने।

(च)विपदका घटना हुनसाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतःपरिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागु गर्ने/गराउने।

(छ)विपद व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति,योजना र कार्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने।

(ज)विपदको समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने/गराउने।

(झ)सरकारी, निजी एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने।

(ञ)भौतिक संरचना निर्माण गर्दा भवनसहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने।

(ट)स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद जोखिम मूल्याङ्कन गर्ने/गराउने।

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने, भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने।

(ड)विपदबाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भईरहेको सेवा प्रवाहमा अवरोध आईपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने/गराउने।

(ढ)स्थानीय समुदायलाई विपद प्रति जागरुक बनाउन, विपदसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपदको घटना हुनसाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने।

(ण)विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने।

(त)विपद प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने/गराउने।

(थ)विपदको समयमा प्रयोग गर्ने सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने।

(द)स्थानीय स्तरमा आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने।

(ध)गाउँपालिकामा विपद व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने/गराउने।

(न)विपद प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने।

(प)विपदमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने।

(फ)विपदबाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने/गराउने।

(ब)विपदको समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(भ)विपद प्रभावितहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने/गराउने।

(म)विपदको जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने/गराउने।

(य) विपद व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे/गरेको अनुमान गर्ने।

(र)विपद व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने/गराउने।

(ल) विपद व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने।

(व)विपद व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँसभाले तोकेको अन्य कार्य गर्ने/गराउने।

(श)विपद व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने/गराउने।

(ष)विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुननिर्माण र पुनर्लाभका विषयबस्तुलाई स्थानीय विपद व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने/गराउने।

## ४.वडास्तरीय विपद् व्यवस्थापन समितिः

विपद् व्यवस्थापन कार्यमा सहयोग पुर्याउन करैयामाई गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिम वडास्तरीय विपद व्यवस्थापन समिति रहनेछः

(क) वडा अध्यक्ष – संयोजक

(ख) वडा सदस्यहरु – सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालयका प्रमुखहरु – सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुख – सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधिहरु – सदस्य

(च) स्थानीय रेडक्रस प्रतिनिधि – सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोके बमोजिम न्यूनतम २ महिला सहित ४ जना – सदस्य

(ज) वडा सचिव – सदस्य सचिव

# परिच्छेद — ३

# विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

## ५.विपद् व्यवस्थापन कोषः

(१)विपद् व्यवस्थापनका लागि गाउँपालिकामा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ।

(२)कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ।

(क)करैयामाई गाउँपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजित भएको रकम।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग।

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३)कोषको रकम नेपाल राष्ट्र बैंकबाट “क” वर्गको ईजाजत प्राप्त सरकारी कारोबार गर्न स्वीकृत बैंकमा जम्मा गरिनेछ। कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४)कोषमा जम्मा भएको रकम विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन (विपद जोखिम न्यूनिकरण, विपद पूर्वतयारी, विपद प्रतिकार्य र विपद् पुनर्लाभ) का लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन।

(५)विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको शशर्त सहयोग खर्च नभएको खण्डमा फिर्ता गरिनेछ।

(६)कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

## ६.कोष सञ्चालन समितिः

(१)कोषको लक्ष्य तथा उद्देश्य प्राप्ति लागि देहाय बमोजिमको कोष सञ्चालन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक – सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य सचिव

(२)कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार

(क)गाउँपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक श्रोतको व्यवस्थापन गर्ने

(ख)गाउँपालिका विपद व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने।

(ग)विपदको घटना घट्नु अगावै जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने

(घ)विपदबाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपदको घटना घटेको ठाउँमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने

(ङ)विपद न्यूनिकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाउँपालिकालाई सिफारिस गर्ने

(च)राहत रकम उपलब्ध गराउने।

(३)कोष सञ्चालन समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ। बैठकको अध्यक्षता संयोजकले गर्नेछ। बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ।

(४)बैठक आवश्यक्ता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(५)यस समितिका पदाधिकारीले बैठक बसेको दिन गाउँपालिकाका पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन्।

# परिच्छेद — ४

## उद्धार तयारी, उद्धार तथा राहत सम्बन्धी व्यवस्था

### ७.उद्धारको तयारीः

(क)विपदको जोखिममा रहेको क्षेत्रको पहिचान गर्ने।

(ख)तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न, औषधि एवं लता कपडाको भण्डारण गर्न समन्वय गर्ने।

(ग)सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाउँपालिका विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

(घ)विपदको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विलालय, स्वास्थ्य संस्था बाहेक तत्कालका लागि अस्थायी रुपमा पुनर्स्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने।

## ८.राहत तथा उद्धार सम्बन्धी व्यवस्थाः

(क) विपदको घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.२५०००/- का दरले मृतकका परिवारलाई तत्काल सहयोग उपलब्ध गराउनेछ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाधान्न बाली तथा जग्गा जमिन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नका लागि रु.१५०००/-, आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.१००००/- तथा गोठ नष्ट भएमा रु.५०००/- प्रति परिवार राहत सहयोग उपलब्ध गराउनेछ।

(ग)विपदको घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु.५०००/- यातायात खर्च दिइनेछ।

(घ)विपदको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन, आवश्यक सहयोग र समन्वय गरिनेछ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही कोष सञ्चालन समिति मार्फत राहत सहयोग उपलब्ध गराईनेछ। तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने तोकिएको राहत रकम संयोजकको आदेशले प्रमुख प्रशासकीय अधिकृतले पिडितलाई उपलब्ध गराउन सक्नेछ। यसरी उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजात सहित कोष सञ्चालन समितिमा पेश गर्नुपर्नेछ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजमिन मुचुल्का तथा अन्य आवश्यक कागजात र फोटो सहित सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कोष सञ्चालन समितिमा निवेदन पेश गर्नु पर्नेछ। मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन सहित सिफारिस आवश्यक पर्नेछ।

# परिच्छेद — ५

## विविध

**९. अनुगमन तथा प्रतिवेदन सम्बन्धमा।**

(१)यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाउँपालिकाबाट अनुगमन गरिनेछ।

(२)यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँपालिका विपद् व्यवस्थापन समिति मार्फत गाउँ कार्यपालिकामा पेश गरिनेछ।

**१०. संशोधन तथा परिमार्जन सम्बन्धमाः** यस कार्यविधिलाई आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

**११. खारेजी तथा बचाउः** यो कार्यविधि बन्नु भन्दा पहिले विपद् व्यवस्थापन सम्बन्धि गरिएका कार्यहरु यसै कार्यविधि अन्तर्गत भएको मानिनेछ। यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ।

**प्रमाणित गर्ने**

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८१/१०/०४

प्रमाणित कानुन पाना(पेज) संख्याः १५(पन्ध्र)मात्र

**आज्ञाले**

वीरेन्द्र महतो

नि.प्रमुख प्रशासकीय अधिकृत